श्री कर्जा असुली न्यायाधिकरणमा चढाएको

<u>**उजुरी निवेदनपत्र**</u>

| | |
|---|---|
| .......जिल्ला, .......पालिका वडा नं. ...... .........स्थित ....... सहकारी संस्था लि.का तर्फबाट अख्तियार प्राप्त ऐ. का ..... पदका ........(नाम) को वारिस ऐ. मा कार्यरत कर्मचारी........(नाम) (मोबाइल नं.) (email)...........................१ | <u>उजुरवाला</u> निवेदक |

<u>**विरुद्ध**</u>

| | |
|---|---|
| ......को नाति........को छोरा......जिल्ला........गाउँ विकास समिति वडा नं. ........को हाल परिवर्तित............ पालिका वडा नं. ........ (ठाउँ/स्थान) बस्ने वर्ष .......को .........(ऋणी) (ना.प्र.नं. ....... जारी मिति .............. जि.प्र.का. ............) (मोबाइल नं. ................)..........................................................१<br>......को नाति........को छोरा......जिल्ला........गाउँ विकास समिति वडा नं. ........को हाल परिवर्तित............ पालिका वडा नं. ........ (ठाउँ/स्थान) बस्ने वर्ष .......को .........(जमानीकर्ता) (ना.प्र.नं. ....... जारी मिति .............. जि.प्र.का. ............) (मोबाइल नं. ................)..........................................................१ | <u>विपक्षी</u> प्रतिवादी |

<u>मुद्दा: कर्जा असुली</u>।

उजुरवाला .............सहकारी संस्था लि.बाट विपक्षी ऋणीले उपभोग गरेको कर्जाको साँवा तथा ब्याज नबुझाई कर्जा सम्झौताको शर्त बन्देजको उल्लङ्घन गरेको हुँदा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा अन्य प्रचलित कानूनको

अधीनमा रही सम्मानित कर्जा असुली न्यायाधिकरण समक्ष न्याय इन्साफ गरी विपक्षी ऋणी तथा जमानीकर्ताहरुबाट सहकारी संस्था लि.को बाँकी लेना रकम दिलाई भराई पाउँ भनी निम्न बमोजिम उजुरी निवेदनपत्र लिई उपस्थित भएका छौं।

१) कर्जाको संक्षिप्त बेहोरा:

विपक्षी ऋणीले यस सहकारी संस्था लि. समक्ष ऋण कर्जा माग गर्नु भएकोमा सहकारी संस्था लि.को मिति ................. कर्जा स्वीकृति पत्र/ऋण सम्झौता/तमसुक बमोजिम यस सहकारी संस्था लि.बाट ..............कर्जा रु. ............।- मात्र उल्लिखित कर्जा स्वीकृति पत्र/ऋण सम्झौता/तमसुक मा तोकिएको समय भित्रमा चुक्ता भुक्तान गर्ने गरी कर्जा उपभोग गर्नुभएकोमा तोकिएको समयमा चुक्ता भुक्तान नगर्नुभएको र सहकारी संस्था लि.बाट उक्त कर्जा असुलीका लागि तल प्रकरण ३ मा उल्लेख भएबमोजिमको प्रयासहरू गर्दासमेत असुल हुन नसकेकाले प्रस्तुत उजुरी निवेदन लिई सम्मानित न्यायाधिकरणसमक्ष उपस्थित भएका छौं।

ऋण कर्जाको विवरण:

| कर्जा शीर्षक | कर्जा लिएको मिति | कर्जा साँवा रकम | ब्याजदर | कर्जाको भाखा |
|---|---|---|---|---|
| | | | | |

२) कर्जाको सुरक्षणमा रहेको धितोको विवरण:

क. धनी .................सहकारी संस्था लि. र ऋणी .................कायम रहेको निम्न विवरण भएको ................कर्जा सुरक्षणको रूपमा रहेको:

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ख. मिति .............को —— रकम बराबरको ——. ले गरिदिएको व्यक्तिगत जमानतको लिखत।

ग. मिति .............को कर्जा तमसुक तथा प्रतिज्ञापत्र।

३) <u>सहकारी संस्था लि.बाट भएका कर्जा असुलीका प्रयास तथा कारबाहीहरू:</u>

क. विपक्षी ऋणीले यस सहकारी संस्था लि.बाट उपभोग गर्नुभएको ऋण कर्जा बापत सहकारी संस्था लि.लाई तिर्न बुझाउन पर्ने कर्जा रकम कर्जा सम्झौतापत्र तथा कर्जा तमसुक लिखतको शर्तबमोजिम चुक्ता भुक्तान नगर्नु भएकोले ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुलाई कर्जाको साँवा तथा ब्याज तिर्न बुझाउन मौखिक तथा लिखित रूपमा तर ताकेता गरी विभिन्न मितिमा प्रेषित गरिएका पत्रहरू प्रमाणको रूपमा पेस गरेको छु।

ख. सहकारी संस्था लि.को कर्जा चुक्ता भुक्तान गर्ने बारे पटक पटक लिखित तथा मौखिक अनुरोध गर्दासमेत ऋणीले कर्जा चुक्ता भुक्तान गर्न बेवास्ता गरेकोले मिति २० । । मा ............. राष्ट्रिय दैनिक पत्रीकामा कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचनाको अवधिभित्र ऋणी तथा जमानतकर्ताहरुले कर्जाको साँवा तथा ब्याज चुक्ता भुक्तान नगरेको।

ग. कर्जा चुक्ता भुक्तान गर्नको लागि सार्वजनिक सूचना प्रकाशित गर्दा पनि ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता भुक्तान नगरेको।

४) कर्जा उपयोग गरेदेखि मुद्दा दर्ता मिति .................सम्म ऋणीले बुझाएको/ असुल भएको रू ............. कर्जाको साँवा ब्याज तथा जरिबानाको हिसाब विवरण निम्नबमोजिम रहेको छः

| साँवामा घटेको (रु.) | ब्याजमा घटेको | हर्जानामा घटेको | जम्मा घटेको रकम |
|---|---|---|---|
| | | | |

ऋणीले बुझाएको कर्जाको साँवा, ब्याज र हर्जाना ब्याजको विस्तृत हिसाब विवरण यसै निवेदनसाथ संलग्न गरिएको छ।

५) **<u>माग दाबी</u>**

क. ऋणीले सहकारी संस्था लि.लाई मिति २०  ।  ।  सम्म बुझाएको/ असुल भएको र तिर्न बुझाउन बाँकी कर्जाको साँवा, ब्याज, हर्जाना ब्याज निम्न बमोजिम रहेको छः

| **विवरण** | **जम्मा रकम (रु.)** | **असुली भएको रकम** | **बाँकी रकम** |
|---|---|---|---|
| साँवा रकम | | | |
| ब्याज रकम | | | |
| हर्जाना रकम | | | |
| अन्य रकम | | | |
| जम्मा रकम | | | |

ख. अतः ऋणीले सहकारी संस्था लि.लाई तिर्न बुझाउन बाँकी रहेको लेना रकम रु. ..................... (अक्षेरेपी ......................................... मात्र) धितोमा रहेको ..................., ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुबाट असुल उपर गरी पाउँ। साथै सहकारी संस्थाको विनियम/कर्जा नीतिको नियम/दफा —— को आधारमा लगानी गरिएको कर्जाको मिति २०  ।  ।  गतेदेखि फैसला कार्यान्वयन हुने दिनसम्मको तमसुक/ऋण सम्झौता बमोजिम वार्षिक .............. प्रतिशतका दरले लाग्ने ब्याज, .............. प्रतिशतका दरले लाग्ने हर्जाना तथा अन्य दस्तुर समेत विपक्षीबाट दिलाई भराई पाउँ।

६) <u>कानूनी आधारहरू</u>

क. सहकारी संस्था लि.लाई भएको कानूनी अख्तियारीको आधार सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ हो।

ख. यो उजुरी निवेदन सहकारी नियमावली, २०७५ को नियम ४४ को उपनियम (३) अनुसार हदम्यादभित्र छ।

ग. सहकारी संस्था लि.ले सहकारी नियमावली २०७५ को नियम ४४ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरेको छ।

घ. सहकारी संस्था लि.ले सहकारी नियमावली २०७५ को नियम ४४ को उपनियम (२) बमोजिम हालको दाबी रकम रु. ..................(अक्षेरेपी ................................................) को ०.२५% ले हुने कर्जा असुली शुल्क बापतको रु. .............. (अक्षेरेपी..................................... मात्र) यसै निवेदनसाथ दाखिल गरेको छु।

ङ. सहकारी संस्था लि.ले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अन्तर्गत दायर गरेको यो उजुरी निवेदन न्यायाधिकरणको क्षेत्राधिकारभित्र पर्छ।

च. निज प्रतिवादीहरुबाट प्रस्तुत कर्जा असुल उपर गर्ने सम्बन्धमा प्रचलित कानूनबमोजिम अन्य कुनै अड्डा अदालतमा मुद्दा गरेको छैन।

७) प्रस्तुत उजुरी निवेदन दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेको छैन। पछि सहकारी संस्था लि.को तर्फबाट उपस्थित हुनुहुने कानून व्यवसायीको बहस जिकिरलाई यसै उजुरी निवेदनको अभिन्न अङ्ग मानी पाउँ।

८) विपक्षीहरुलाई पुग्नेगरी उजुरी निवेदनको प्रतिलिपि निवेदनसाथ संलग्न गरेको छु।

९) प्रस्तुत उजुरी निवेदनपत्रसाथ निम्नलिखित कागजातहरुको प्रतिलिपि पेस गरिएको छः

क. मिति २०   ।   ।   को पाना ..... को कर्जा माग निवेदनपत्र थान .......................१

ख. ख) ऋणी तथा व्यक्तिगत जमानकर्ताहरुको नागरिकता थान ....................................१

ग. मिति २०  ।  ।  को कर्जा स्वीकृत पत्र/तमसुक/ऋण सम्झौता थान ...............................................१

घ. मिति २०  ।  ।  को प्रतिज्ञापत्र थान ...........................................................१

ङ. मिति २०  ।  ।  को व्यक्तिगत जमानत लिखत थान .....................................१

च. कर्जा सुरक्षणमा रहेको धितो भए सोको प्रमाण (ज.ध.प्र.पु आदि) थान .................१

छ. ऋणी तथा जमानतकर्ताहरुलाई प्रेषित पत्र ताकेता पत्र थान .............................१)

ज. मिति २०  ।  ।  को कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना थान.........................................................................................................१

झ. लेना बाँकी देखिने कर्जाको हिसाब विवरण तथा बैङ्क स्टेटमेन्ट थान ...............१

१०) मुद्दा सम्बन्धी काम कारबाहीका लागि प्राप्त अख्तियारनामा यसै निवेदनसाथ संलग्न रहेको छ।

११) माथि लेखिएको बेहोरा ठिक छ झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

<u>उजुरी निवेदक</u>

...........................

इति संवत् २०...... साल महिना ......गते रोज ........शुभम्...............................................

।